# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) पाङ्ग्रेटार, सिन्धुपाल्चोक, माघ ५ गते, २०७९ साल (संख्या ७

# भाग २

## सुनकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालयको

### सुनकोशी गाउँपालिकाको महिला सञ्जाल गठन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप सुनकोशी गाउँपालिकाको समग्र महिलाहरुको हकहित, अधिकार र क्षमतालाई अभिवृद्धि गरी प्रशासकीय कार्यहरुलाई नियमित गर्ने उद्येश्यले ऐनले प्रदान गरेको अधिकार प्रयोग गरी संवैधानिक रुपमा राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाज निर्माणका लागि एक महिला सञ्जाल गठन सम्बन्धी कार्यविधी, २०७९ निर्माण गरी कार्यपालिकाले स्वीकृत गरी लागु गरेको छ ।

**१.सक्षिप्त नाम र प्रारम्भ :**

(१). यो कार्यविधिको नाम "सुनकोशी गाउँपालिकाको महिला सञ्जाल गठन सम्बन्धी कार्यविधि, २०७९" रहको छ ।

(२) कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **"गाउँपालिका"** भन्नाले सुनकोशी गाउँपालिकालाई जनाउँछ ।

(ख) **"कार्यपालिका"** भन्नाले सुनकोशी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

(ग) **"अध्यक्ष"** भन्नाले सुनकोशी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले सुनकोशी गाउँपालिकाको उपाध्यक्ष्लाई सम्झनु पर्दछ ।

(ङ) **"वडा अध्यक्ष"** भन्नाले सुनकोशी गाउँपालिकाको वडा अध्यक्षलाई जनाउँछ ,

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(छ) **"महिला सञ्जाल"** भन्नाले सुनकोशी गाउँपालिको यस कार्यविधि अनुसार गठन गरेको वडा तथा पालिका स्तरमा गठन भएको महिला सञ्जाललाई जनाउँदछ ।

(ज) **"महिला भन्नाले"** सुनकोशी गाउँपालिकाभित्र बसोबास गर्ने नेपाल सरकारको प्रचलित कानुन एंवम नियम बमोजिमका व्यक्तिहरुलाई जनाउँदछ ।

**३. उद्देश्य** : महिला सञ्जाल गठनको मुख्य उद्धेश्य देहाय बमोजिम रहनेछन् ।

(क) विभिन्न निकायबाट प्रवाह गरीने सेवामा महिलाको पहूँच अभिवृद्धि गर्न ।

(ख) महिलाहरुलाई आफ्ना हक, हित र अधिकारका विषयमा जागरुक गराउने ।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चिता गर्ने ।

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) महिला सञ्जाललाई वडा समिति र कार्यपालिकाको मातहतमा रहने गरी सहभागगिता मुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रणलीमा सहभागी गराउने ।

(च) सामाजिक विकृति, विसङ्गति, कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अवहेलना विरुद्ध आवाज उठाउन जारुक गराउने,

(छ) महिलाको सामाजिक साँस्कृतिक आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषहरु पहूँच योग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुर्‍याउने ।

(ज) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्ने ।

(झ) महिलामैत्री लक्षित कार्यक्रम तयार गर्ने ।

**४. वडा स्तरीय महिला सञ्जाल गठन :**

(१) सम्भव भएसम्म प्रत्येक टोल समेटिने गरी महिलाहरुको सहभागिता रहने गरी एघार देखि पन्ध्र सदस्य वडास्तरीय एक महिला सञ्जाल गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने महिला सञ्जालमा वडाका जनप्रतिनिधि, टोल संस्थाका पदाधिकारीहरुको रोहवरमा वडाबासी महिलाहरुको भेलाबाट अध्यक्ष

तथा सदस्यहरु रहेको वडा स्तरीय महिला सञ्जाल गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने महिला सञ्जाल सञ्चालन समितिका पदाधिकारीको सहमतिका वा लोकतान्त्रिक विधि (निर्वाचन प्रणली मार्फत) र प्रकृयाका आधारमा प्रत्येक दुई वर्षमा भेला गरी समिति पुर्नःगठन हुनेछ ।

(४) वडा स्तरमा वडा स्तरीय महिला सञ्जाल गठन गरी गाउँपालिकासँग समन्वय गरी योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

(५) वडा स्तरमा प्रत्येक टोल समेटिने गरी एक वडास्तरीय महिला सञ्जाल रहनेछ ।

(६) उपदफा (१) ले व्यवस्था गरे बमोजिम अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु रहने छन् ।

(७) उपदफा (१) बमोजिम पेशा व्यवसाय वा अन्य कार्य गर्दैं आईरहेका महिलाहरु, अधिकार तथा महिला अधिकारको क्षेत्रमा सक्रिय महिलाहरुलाई समितिले आमन्त्रण गर्न सक्नेछ ।

(८) वडा स्तरीय महिला सञ्जालको पदावधी ३ वर्षको हुनेछ ।

स्पष्टीकरण : वडा स्तरीय महिला सञ्जालको पदावधी सकिनु एक महिना अगाडी नै नँया कार्यसमिति निर्माणको कार्य सम्पन्न गरी सक्नु पर्नेछ र सोको जानकारी पालिका स्तरीय महिला सञ्जाललाई गराउनु पर्ने ।

**६. वडास्तरीय महिला सञ्जालको काम, कर्तव्य र अधिकार :**

(१) वडास्तरीय महिला सञ्जालको काम, कर्तव्य र अधिकारहरु देहाय अनुसार रहनेछ :

(क) महिलाका सवालहरुका विषयमा वडा समितिलाई आवश्यक सल्लाह र सुझावहरु प्रदान गर्ने,

(ख) महिलाको हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा त्यस्ता कार्यक्रमहरु सञ्चालन गर्ने र विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकर्ताको भूमिका निर्वाह गर्नेछन् ।

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवाललहरु, विकृति तथा विसङ्गतिका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य तथ्य सूचनाहरु सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सु-सस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजी गरी लागू गर्ने,

**७. गाउँपालिका स्तरीय महिला सञ्जाल गठन प्रकृया :**

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, साँस्कृतिक, मनोवैज्ञानिक एंवम समग्र क्षेत्रको समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिका स्तरीय महिला सञ्जाल गठन गरिने छ ।

(क) वडा स्तरमा गठन भएका वडा स्तरीय महिला सञ्जालका पदाधिकारीहरुको भेलाले नौ (९) देखि प्रन्ध्र (१५) सदस्य सञ्जाल निर्माण गर्नेछ । यसरी सञ्जाल गठन गर्दा भूगोल र जनसंख्या गरी दुईवटा क्षेत्रलाई आधार मान्नु पर्नेछ ।

ख). पालिकामा निर्वाचित कार्यसमितिले महिलाको क्षेत्रमा कार्यपम्पादन गरेका, महिला अधिकारका क्षेत्रमा पैरवी गरेका वा गर्दै आएका महिलाहरु मध्येबाट बढीमा ३ जना मनोनित गर्न सक्नेछ ।

ग). उक्त पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

**स्पष्टीकरण :** कार्यकाल सम्पन्न हुनु भन्दा एक महिना अगावै नँया सञ्जाल गठन गरी सक्नु पर्ने । साथै पुरानो कार्य समितिले नयाँ कार्यसमितिलाई औपचारिक रुपमा हस्तान्तरण गरी सोको जानकारी सुनकोशी गाउँपालिकाको कार्यालय, महिला बालबालिका शाखा वा सामाजिक विकास शाखालाई गराउनु पर्नेछ ।

८. **गाउँपालिका स्तरीय महिला सञ्जालको काम, कर्तव्य र अधिकार :** गाउँपालिकामा गठन हुने महिला सञ्जाल सञ्चालन समितिले देहायका कार्यहरु गर्ने छन् :

(क). महिला अधिकार, महिलाका विविध सवालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख). नमुना महिला सञ्जाल पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने,

(ग). महिलाहरुको शसक्तीकरण आवश्यक पर्ने कार्यक्रम तथा योजना निर्माण गरी गाउँपालिकालाई सिफारिस गर्ने,

(घ). महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

९. **महिला सञ्जालको काम :**

महिला सञ्जालले देहाय बमोजिमको कार्य गर्ने छन् ।

(क). सुनकोशी गाउँपालिकाको सामाजिक व्यवहार सुधार ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने,

(ख). सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिलाहरुको उत्थानमा सहजीकरण गर्ने,

(ग). गाउँपालिकाका महिलाहरुको अधिकार, सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी योजना तथा कार्यक्रमहरु सञ्चालन एंवम वहस पैरवीहरु गर्ने ।

(घ). गाउँपालिका तथा वडाबाट सञ्चालित कार्यक्रम तथा योजनाहरुमा सक्रिय सहभागिता जनाउने ।

(ङ). एच.आई.भि., एड्स, अन्धविश्वाश, कुरीति, बाल विवाह, बहुविवाह, जस्ता सामाजिक समस्या, विकृति, विसङ्गतिको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(च) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने ।

(छ) टोलमा महिला सचेतना मुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(ज) समानतामा आधारित पहूँच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने ।

(झ) वडा तथा पालिका स्तरमा महिलाहरुको पहुचँ बढाउने ।

(ञ) वडा स्तरीय महिला संजाललाई सकृय बनाउने ।

१०. **पुरस्कृत गर्ने :** उत्कृष्ट कार्यगरी नमुनाको रुपमा विकास हुने महिला सञ्जाललाई गाउँपालिकाले उपयुक्त पुरस्कार प्रदान गर्ने ।

**११. कार्यविधिको व्याख्या :** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै समस्या द्विविधा उत्पन्न भएमा गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

का.पा.बाट स्वीकृत मिति : २०७९।०९।२५
प्रमाणित मिती : २०७९।१०।०५

**आज्ञाले,**
**पूर्ण प्रसाद दुलाल**
**प्रमुख प्रशासकीय अधिकृत ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।-